# पर्यटक यातायात (विद्युतीय सवारी)को गुणस्तर, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०८२

<u>प्रस्तावना</u>: प्रदेश भित्रका विद्युतीय शक्तिबाट सञ्चालित सवारी साधनलाई पनि वातावरणमैत्री, गुणस्तरीय, सुरक्षित र मर्यादित पर्यटकीय सवारी साधनको रूपमा दर्ता गर्न तथा सवारीको मोटर पावर लगायतका प्राविधिक स्पेसिफिकेशन निर्धारण गरी सिफारिस गर्न वाञ्छनीय भएकोले,

प्रदेश पर्यटन ऐन, २०७८" को दफा ११७ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो मापदण्ड बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस मापदण्डको नाम "पर्यटक यातायात (विद्युतीय सवारी)को गुणस्तर, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०८२" रहेको छ ।

(२) यो मापदण्ड मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा:

क) "ऐन" भन्नाले प्रदेश पर्यटन ऐन, २०७८ सम्झनुपर्छ ।

ख) "कार्यालय" भन्नाले पर्यटन कार्यालय सम्झनुपर्छ र सो शब्दले ऐन बमोजिम पर्यटन सम्वन्धी कार्य गर्ने अन्य कार्यालयलाई समेत जनाउँछ ।

ग) "जङ्गल सफारी" भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ बमोजिम राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, आरक्ष, संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्रभित्र सञ्चालन हुने गरी इजाजत लिई प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ को दफा १२ बमोजिम इजाजत प्रमाणपत्र प्राप्त जिप र पिकअपलाई जनाउनेछ।

घ) "जीप सफारी" भन्नाले प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ को दफा १२ बमोजिम इजाजत प्रमाणपत्र प्राप्त जिप र पिकअपलाई जनाउनेछ।

ङ) "ठूला सवारी" भन्नाले दश टनभन्दा बढी वजन (ग्रस भेहिकल वेट) भएको र सिट क्षमता पच्चिस सिटभन्दा बढी सिट भएको सवारी साधन (बस) सम्झनुपर्छ।

च) "पर्यटक" भन्नाले विदेशी मुलुकबाट भ्रमणको लागि नेपालमा आई यस प्रदेशमा पर्यटकीय उद्देश्यले आउने गैरनेपाली नागरिकलाई सम्झनु पर्छ र सो शब्दले प्रदेशभित्र पर्यटकीय उद्देश्यले भ्रमण गर्ने नेपाली नागरिक समेतलाई जनाउँछ।

छ) "पर्यटक सवारी" भन्नाले पर्यटकलाई यातायात सेवा प्रदान गर्न इजाजत प्रमाणपत्र प्राप्त सार्वजनिक सवारीलाई पर्यटक सवारी सम्झनुपर्छ ।

ज) "प्रदेश" भन्नाले वागमती प्रदेश सम्झनु पर्छ ।

झ) "प्रदूषण" भन्नाले सवारीवाट निस्कने ध्वनी तथा धुवाँको प्रदूषण सम्झनु पर्छ ।

ञ) "मझौला सवारी" भन्नाले चार टनदेखि दश टनसम्म वजन (ग्रस भेहिकल वेट) भएको र सिट क्षमता पन्ध्रदेखि पच्चिस सिट भएको सवारी साधन (मिनि वस) सम्झनु पर्छ।

ट) "मन्त्रालय" भन्नाले वागमती प्रदेश सरकार, संस्कृति तथा पर्यटन हेर्ने मन्त्रालय सम्झनु पर्छ।

ठ) "मालसामान" भन्नाले पर्यटकले आफ्ना लागि प्रयोग गर्न आफूसाथ ल्याएका लुगाकपडा लगायत बन्दोबस्तीका सामग्रीहरू राखेको यात्रुगुण्टा सम्झनु पर्छ।

ड) "विद्युतीय सवारी साधन" भन्नाले विद्युतीय प्रशारण लाइन, सोलार वा ब्याट्रीवाट सञ्चालन हुने सवारी साधन सम्झनु पर्छ।

ढ) "सवारीको वजन" भन्नाले सवारीको मेशिनरी सहितको कुल वजन सम्झनु पर्छ र सो शब्दले सवारीको कुल भार वहन क्षमता समेतलाई सम्झनु पर्छ।

ण) "सवारी धनी" भन्नाले सवारी दर्ता प्रमाणपत्रमा सो सवारीको धनी भनी लेखिएको व्यक्ति, पर्यटनसँग सम्वन्धित फर्म, कम्पनी वा प्रचलित कानून बमोजिमको अन्य कुनै संगठित संस्था सम्झनु पर्छ ।

त) "साना सवारी" भन्नाले चार टनसम्म वजन (ग्रस भेहिकल वेट) भएको र सिट क्षमता पाँच देखि चौध सिटसम्मको सिट क्षमता भएको सवारी साधन सम्झनु पर्छ।

थ) "सिटि सफारी" भन्नाले देशका मुख्य मुख्य सहरमा पर्यटक आवागमन गराउने प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ को दफा १२ बमोजिम इजाजत प्रमाणपत्र प्राप्त कार, जिप, भ्यान र पिकअपलाई जनाउनेछ ।

द) "यात्री" भन्नाले पर्यटकीय उद्देश्यले भ्रमण गर्ने पर्यटकलाई सम्झनुपर्छ ।

३. <u>पर्यटक नम्बर प्लेटमा दर्ताको लागि सिफारिस गर्ने</u>: (१) कार्यालयले अनुसूची-१ मा उल्लेख भए बमोजिमका प्राविधिक मापदण्ड पूरा भएका सवारी साधनलाई पर्यटक सवारी र पर्यटकका सामान (लगेज) बोक्ने सवारीको रूपमा पर्यटक नम्बर प्लेटमा दर्ताको लागि ऐनको दफा २२ को उपदफा (३) वमोजिम यातायात व्यवस्था कार्यालयलाई सिफारिस गर्नेछ।

(२) पर्यटक सवारीको रूपमा सिफारिस गर्दा देहायका कागजात पूरा भएको हुनु पर्नेछ।

क)	यातायात व्यवस्था कार्यालयमा कम्पनी वा फर्मको नाममा नियमानुसार दर्ता रहेको सवारी दर्ता प्रमाणपत्रर सोमाईन्जिन तथा च्यासिस नम्वर उल्लेख भएको हुनुपर्ने ।

ख)	चालक सहितको सिट संख्या खुलेको ।

ग)	सवारी प्रदुषण जाँचपासको प्रमाणपत्रको प्रतिलिपि (नयाँ सवारीको रूपमा दर्ता हुन आएकाको हकमा अनिवार्य नहुने)

घ)	सवारी साधन, सवारीचालक, सहचालक (ठूला सवारीको हकमा), पर्यटकको बीमा र तेश्रो पक्षको बीमा गरेको प्रमाणको प्रतिलिपि।

ङ)	सवारीको कर चुक्ता भएको निस्सा ।

च)	संस्थाको आवधिक प्रतिवेदन ।

छ)	संस्थाको करचुक्ताको प्रमाणित प्रतिलिपि ।

ज)	पछिल्लो आ.व.को लेखा परीक्षण प्रतिवेदन ।

झ)	फर्म वा कम्पनी ऋणी भए सम्वन्धित वैंक वा वित्तीय संस्थावाट पर्यटक सवारीको लागि हरियो नम्बर प्लेटमा दर्ता गर्न सिफारिस पत्र।

ञ)	चालकको योग्यता (कम्तीमा एस.एल.सी./एस.ई.ई. उत्तीर्ण) वा तीन महिना अंग्रेजी भाषा सिकेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

ट)	चालकको सम्वन्धित सवारीको वर्ग अनुसारको सवारी चालक अनुमतिपत्रको प्रतिलिपि ।

ठ)	चालकको नियुक्तिपत्रको प्रमाणित प्रतिलिपि ।

ड)	चालकको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।

ढ)	सामान्य प्राथमिक उपचारका सामाग्री सहितको First Aid बक्स र Fire Extinguisher एक/एक थान

४.	<u>पर्यटक सवारीको सुरक्षा व्यवस्था:</u> पर्यटक सवारीको रूपमा दर्ता गर्न दफा ३ को उपदफा (२) बमोजिम कागजात पूरा भएका सवारीमा पर्यटकको सुरक्षाको लागि देहायका सुरक्षाका व्यवस्था अबलम्बन गर्नु पर्नेछ ।

१)	सवारीका प्रकार अनुसार अनुसूची-१, अनुसूची-२ र अनुसूची-३ मा उल्लेखित प्राविधिक मापदण्ड पूरा हुनु पर्नेछ ।

२)   पर्यटक सवारी तथा मालबाहक सवारी सेवाको रूपमा प्रयोग हुने (बन्द सिसा भएका) सवारीहरूको अतिरिक्त पिकअप जिप (सवारीको पछिल्लो भाग खुल्ला भएका)हरूमा अपनाउनु पर्ने सुरक्षात्मक कार्यहरू देहाय बमोजिम हुनु पर्नेछ ।

क)   पे-लोड एक टन क्षमता वा सोभन्दा बढीको हुनु पर्नेछ ।

ख)   पर्यटकलाई जङ्गल सफारीमा लिइ जाने पिकअपको हकमा पिकअपको पछिल्लो खुल्ला भागमा पर्यटक बस्ने आरामदायी सिटको व्यवस्था गर्नु पर्ने।

ग)   पर्यटकलाई जङ्गली जनावरको आक्रमणबाट बचाउन फलामको सुरक्षित जाली (३० एम. एम.भन्दा बढिको) लगाउनु पर्ने ।

घ)   चालक पछाडिको सिटको दुवै तर्फको झ्यालमा दुइ लाइनमा (३० एम. एम.भन्दा बढि स्क्वायर/गोलो) फलामको बार जडान गर्नु पर्नेछ ।

ङ)   पर्यटकलाई सुरक्षाका उपकरण (टर्च लाईट आदी) उपलब्ध गराउनु पर्नेछ तर जङ्गली जनावरलाई हानि नोक्सानी गर्ने कुनै पनि उपकरण, धारिला वस्तु उपलब्ध गराउन पाइने छैन र त्यस्ता गतिविधि समेत गर्न पाइने छैन ।

५.   सक्कल कागजात ल्याउनुपर्ने: दफा २ बमोजिम कुनै सवारी पर्यटक सवारीको रूपमा दर्ता गर्न सिफारिसको लागि निवेदन दिँदा त्यस्तो निवेदन दिने व्यक्ति, फर्म वा कम्पनीले त्यसरी दर्ता सिफारिस माग गरेको सवारीको सवारी दर्ता प्रमाणपत्रको सक्कल प्रति साथै ल्याउनुपर्नेछ।

६.   सिफारिस गर्न इन्कार गर्न सक्ने: (१) कुनै सवारीलाई पर्यटक सवारीको रूपमा दर्ता गर्न सिफारिसको लागि निवेदन परेमा सो सवारीको सिफारिस गर्ने सम्बन्धमा अधिकार प्राप्त अधिकारीले सो सवारीलाई दफा ३ तथा अनुसूची-१, अनुसूची-२ र अनुसूची-३ मा तोकिएको मापदण्ड बमोजिम भए नभएको छानविन गराउन सक्नेछ। यसरी छानविन गर्दा त्यस्तो मापदण्ड पूरा भएको नपाइएमा पर्यटक सवारीको रूपमा दर्ताका लागि सिफारिस गर्न इन्कार गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै सवारी दर्ता सिफारिस गर्न इन्कार गरेमा अधिकार प्राप्त अधिकारीले सोको कारण खुलाई निवेदकलाई पन्ध्र दिनभित्र सूचना दिनु पर्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि वातावरण प्रदूषण, सवारीको चाप, सडकको स्थिति, सवारी आवागमनमा पर्ने कठिनाई वा अन्य कारणले सार्वजनिक हितको लागि कुनै किसिमको सवारी साधनको दफा ३ बमोजिम गरिने दर्ता सिफारिस रोक्का गर्न सक्नेछ।

७. <u>यात्री तथा मालसामानको सुरक्षा:</u> (१) पर्यटक सवारी सेवाका धनी वा व्यवस्थापकले मालसामान वा यात्रीको जिम्मा लिएपछि शुरूदेखी गन्तव्य स्थानसम्म निर्धारित समयभित्र सुरक्षित साथ पुर्याउनु निजको कर्तव्य हुनेछ।

तर यात्रीलाई असुविधा हुनेगरी गन्तव्य स्थानसम्म पुग्ने समय निर्धारण गर्नु हुँदैन।

(२) कुनै पनि यात्राको समयमा सवारी साधन बिग्रेमा र बिग्रेका कारण सवारी अगाडि बढाउन नसकिने भएमा पर्यटकको सुविधालाई ध्यान दिनु र सवारीमा रहेका पर्यटकका मालसामानको सुरक्षा गर्नु त्यस्तो सवारी चालक, सहचालक र सवारी धनीको दायित्व हुनेछ।

(३) उपदफा (२) मा लेखिएको अवस्था परी सवारी अघि बढाउन नसकिने भएमा वैकल्पिक व्यवस्था गरी व्यवस्थापकले यात्रीहरूलाई गन्तव्य स्थानसम्म पुर्‍याउन सक्नेछ।

८. <u>यात्रीको बिमा:</u> पर्यटक सवारी सेवा सञ्चालन गर्ने सवारी धनी वा व्यवस्थापकले यात्रा गर्ने यात्रुको दुर्घटना बीमा र निजको मालसमान (लगेज) समेतको बिमा गराउनु पर्नेछ।

९. <u>भाडा दर:</u> पर्यटक सवारी र पर्यटकका सामान (लगेज) बोक्ने सवारीको रूपमा पर्यटक नम्बर प्लेटमा दर्ता भएका सवारीको भाडादर प्रदेश भाडा निर्धारण/ समायोजन तथा विद्युतीय माध्यमबाट भाडा भुक्तानी नियमावली, २०७८ को नियम ३ बमोजिम हुनेछ।

१०. <u>निरीक्षण र अनुगमन:</u>(१) यो मापदण्ड कार्यान्वयनका क्रममा मन्त्रालयले आवश्यकता अनुसार निरीक्षण तथा अनुगमन गरी निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मन्त्रालयले दिएको निर्देशन पालना गर्नु सम्बन्धित पक्षको कर्तव्य हुनेछ।

११. <u>प्रचलित कानून बमोजिम हुने:</u> यस मापदण्डमा उल्लेख भएका विषयमा यसै मापदण्ड बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

१२. <u>बाधा अड्काउ फुकाउः</u> यस मापदण्डको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

१३. <u>संशोधनः</u> मन्त्रालयले आवश्यकतानुसार यो कार्यविधि संशोधन गर्नसक्नेछ । तर आर्थिक दायित्व सम्बन्धी विषयमा संशोधन गर्न आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिन पर्नेछ।

१४. <u>व्याट्री व्यवस्थापनः</u> पर्यटक सवारीको रूपमा सञ्चालन हुने विद्युतिय सवारी साधनमा प्रयोग हुने व्याट्रीको आयु समाप्त भई वा बिग्रिई काम नलाग्ने भएमा त्यसको व्यवस्थापन अनिवार्य रुपमा उक्त सवारी साधनको धनी, साधनको उत्पादक वा आयातकर्ता कम्पनीलेनै गर्नु पर्नेछ।

१५. <u>खारेजी तथा बचाउः</u> (१) यो मापदण्ड स्वीकृत हुनुपूर्व साविकमा सञ्चालनमा रहेका खनिज इन्धनबाट सञ्चालन हुने र विद्युतीय शक्तिबाट सञ्चालन हुने पर्यटकीय सवारीको दर्ताको लागि गरिएको सिफारिस र सो बमोजिम पर्यटक नम्वर प्लेटमा यातायात व्यवस्था कार्यालयहरूबाट भएको दर्ता यसै मापदण्ड बमोजिम भएको मानिनेछ।

अनुसूची-१

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

विद्युतीय पर्यटक सवारी (साना सवारी)को प्राविधिक मापदण्ड

(क) सिटि सफारी, जंगल सफारी र जिप सफारीको प्राविधिक मापदण्ड:

| S.No. | Description | Technical Specification | | |
|---|---|---|---|---|
| | | CITY SAFARI | JEEP SAFARI | JUNGLESAFARI |
| 1 | Seating Capacity | >=5 and <=14 seats | >=5 and <=14 seats | <=14 seats |
| 2 | Transmission | Automatic | Automatic | Automatic |
| 3 | Boot Space (Litre) | 250 or above | 300 or above | |
| 4 | Motor Power | 45kW or above | 75kW or above | 70 kW or above |
| 5 | Motor Torque | 160 Nm or above | 180 Nm or above | 230 Nm or above |
| 6 | Battery Capacity | 20 kWh or above | 30 kWh or above | 40 kWh or above |
| 7 | Ground Clearance (mm) | 165 or above | 185 or above | 185 or above |
| 8 | Turning radius (m) | Maximum up to 5.2 | Maximum up to 5.4 | 6 m or above |
| 9 | Certified range ( km) | 200 km or above | 300 km or above | 150 km or above |
| 10 | Air Bag | Dual Airbag | Dual Airbag | Dual Airbag |
| 11 | Body | - | - | Soft top hood with parallel seat |
| 12 | Brake Type | ABS & EBD | ABS & EBD | ABS & EBD |
| 13 | High Speed Alert System | Required | Required | Required |
| 14 | Rear Door Child Lock | Required | Required | Required |
| 15 | Central Locking | Required | Required | Required |
| 16 | Parking Sensor | Required | Required | Required |
| 17 | Air Condition/ Fully Automatic Climate Control | Required | Required | Required |
| 18 | Sound System | Required | Required | Required |
| 19 | Rear Parking/View Camera | Required | Required | Required |
| 20 | GVW | - | - | 3200 kg or above |
| 21 | Payload | - | - | 1700 kg or above |
| 22 | Wheel Base mm | - | - | 2600 or above |
| 23 | Gradeability | - | - | 25% or above |

अनुसूची-२

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

विद्युतीय पर्यटक सवारी (मझौला सवारी)को प्राविधिक मापदण्ड

| S.N. | Description | Technical Specification |
|---|---|---|
| 1 | Seating Capacity | Maximum 25 seats |
| 2 | Transmission | Automatic |
| 3 | Boot Space (Litres) | 250 above |
| 4 | Motor Power | 80kW or above |
| 5 | Battery Capacity | 50kWh or above |
| 6 | Ground Clearance (mm) | 190or above |
| 7 | Air Bag | Single/Dual Airbag |
| 8 | Brake Type | ABS & EBD |
| 9 | High Speed Alert System | Required |
| 10 | Rear Door Child Lock | Required |
| 11 | Central Locking | Required |
| 12 | Parking Sensor | Required |
| 13 | Air Condition | Required |
| 14 | Sound System | Required |
| 15 | Rear Parking/View Camera | Required |

Yagya

## अनुसूची-३

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

### विद्युतीय पर्यटक सवारी (ठूला सवारी)को प्राविधिक मापदण्ड

| S.N. | Description | Technical Specification |
|---|---|---|
| 1 | Seating Capacity | 26 seats or above |
| 2 | Transmission | Automatic |
| 3 | Boot Space (Litre) | 250 above |
| 5 | Motor Power | 90kW or above |
| 6 | Battery Capacity | 60kWh or above |
| 7 | Ground Clearance (mm) | 200 or above |
| 8 | Air Bag | Dual Airbag |
| 10 | Brake Type | ABS |
| 11 | High Speed Alert System | Required |
| 12 | Rear Door Child Lock | Required |
| 13 | Central Locking | Required |
| 14 | Parking Sensor | Required |
| 15 | Air Condition | Required |
| 16 | Sound System | Required |
| 17 | Rear Parking/View Camera | Required |

Yogya